दिप्रुङ चुईचुम्मा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

याङसोलाटार, खोटाङ

Diprung chuichumma Rural Municipality

Office of the Rural Municipal Executive

Yangsolatar, Khotang

पत्र सख्यां :- ०७७/०७८ प्रदेश नं. १, नेपाल

चलानी नम्वर : मिति :२०७८/०२/०९

## *प्रेस विज्ञप्ति*

गत वर्ष देखि विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण यस वर्ष थप भेरियन्ट लक्षण सहित अझ द्रुत गतिमा फैलिएको अवस्थाले हाम्रो दिप्रुङ चुइचुम्मा गाउँपालिका पनि आक्रान्त भएको छ। यो संक्रमणको अवस्थालाई न्यूनिकरण गर्नको लागि गाउँपालिकामा गठित कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण कार्यदलको मिति २०७८/०२/०७ गतेको बैठकले सबै वडाकामा एन्टीजेन परिक्षण गर्ने निर्णय अनुसार कोभिड-१९ को संक्रमण भएका शंकास्पद व्यक्तिहरुको कोभिड-१९ एन्टीजेन परिक्षण गर्ने निर्णय भए अनुसार आज मिति २०७८/०२/०९ गते गाउँपालिकाको वडा नं. ७ को ज्यामिरेमा गरिएको २५ जनाको परिक्षणमा १२ जना, वडा नं. ४ बतासेको भुल्केमा ६ जनाको परिक्षणमा १ जना र अस्थायी कोभिड-१९ अस्पताल याम्खामा १० जनाको परिक्षणमा ३ जना समेत जम्मा १६ जना एवम् आज भन्दा अगाडी को परिक्षणबाट ७ जना समेत २३ जनामा कोभिड पोजेटिभ देखिएको घडीमा गाउँपालिका अत्यन्त दुखित हुँदै सबै संक्रमित नागरिकहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

यो रोग अत्यन्त छिटो सर्ने प्राणघातक रोग भएको हुँदा यसको नियन्त्रणका लागि सबै नागरिकहरुको सर्वपक्षीय सहयोगको गाउँपालिका अपेक्षा गर्दछ। त्यसैले तपाई हामी सबैले आफ्नो गाउँ, टोल, बस्तीमा रोगको लक्षण सहित वा रहितका शंकास्पद व्यक्तिहरुलाई सुरक्षित राखी गाउँपालिकाले लिएको रोग परिक्षणको अभियानमा सहयोग गरिदिनु हुन अनुरोध गर्दै संक्रमित व्यक्तिहरुको रोग निदानका लागि उहाँहरुलाई हतोत्साह होइन उत्साह प्रदान गरी आत्मवल बढाउने काममा सहयोग गरिदिनु हुन सबैमा हार्दिक अपिल गर्दछु।

.....................................

**भुपेन्द्र राई**

**गाउँपालिका अध्यक्ष**

भुपेन्द्र राई

गाउँपालिका अध्यक्ष